# सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि (पहिलो संसोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१/०८/०४

**अजिरकोट गाउँपालिका, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

# सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि (पहिलो संसोधन), २०८१

**पारित मितिः २०८१।०८।०४**

प्रस्तावनाः सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि २०८० संसोधन गर्न वाञ्छनीय भएकोले सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि २०८० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी अजिरकोट गाउँपालिकाको गाउँ कार्यापालिकाले देहायको कार्यविधि बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "**सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि (पहिलो संसोधन),२०८१**" रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएपछि लागु हुने छ।

**२) सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि २०८० को दफा ३ मा संसोधनः** सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि २०८० (यसपछि मुल कार्यविधि भनिएको) को दफा ३ को उपदफा १ मा देहायको वाक्यांश थप गरिएको छः

१) साथै सामुदायिक विद्यालयका तथा गाउँपालिकाको अनुदानमा रहेका विद्यालयमा प्रारम्भिक बालविकास कक्षाका सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीको पद रिक्त भएमा सोको जानकारी पनि विद्यालयले शिक्षा शाखालाई गराइ पदपुर्तिको लागि निवेदन सहित माग गर्नु पर्नेछ।

**३) मुल कार्यविधिको दफा ५ को उपदफा १ मा संसोधनः १)** उपदफा ३ को सट्टा उपदफा ४ राखिएको।

**४) मुल कार्यविधिको दफा ५ को उपदफा २ मा २क र २ख थप गरिएको।**

**२क)** प्रारम्भिक बालविकास कक्षाका सहजकर्ताका लागि कम्तीमा एसएलसी/एसइइ वा सो सरह उतिर्ण गरेको हुनु पर्नेछ। त्यस्तै विद्यालय सहायकको लागि व्यवस्थापन विषयमा कम्तीमा कक्षा १२ वा सो सरह उतिर्ण गरेको हुनु पर्ने छ र विद्यालय सहयोगीको लागि कम्तीमा कक्षा ५ उतिर्ण गरेको हुनु पर्नेछ।

**२ख)** विद्यालय सहायक, प्रारम्भिक बालविकास कक्षाका सहजकर्ता तथा विद्यालय सहयोगीको छनौटको आधारहरु शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरेबमोजिम हुनेछ।

**५) मुल कार्यविधिको दफा ६ मा संसोधनः ६)** शिक्षक छनौट समितिको सट्टा शिक्षक तथा कर्मचारी छनौट समिति राखिएको ।

**६) मुल कार्यविधिमा शिक्षक छनौट समिति रहेका सबै ठाउँमा शिक्षक तथा कर्मचारी छनौट समिति राखिएको।**

**७) मुल कार्यविधिको दफा ७ मा उपदफा ३ थपि देहायको राखिएकोः**

३) विद्यालय सहयोगीको हकमा शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरेको छनौटको आधार र अन्तर्वाता परीक्षामात्र हुनेछ।

**८) मुल कार्यविधिको दफा १५ को उपदफा १) मा देहायको वाक्यांशहरु थप गरिएको।**

१) शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक छनौट परिक्षाको अन्तिम नतिजा प्रकाशित गरिएको मितिले ६ महिनाभित्र अजिरकोट गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा रिक्त हुन आएका माध्यमिक तह (कक्षा ९–१२) र आधारभूत तह (कक्षा १–८) को साधारण शिक्षक दरबन्दी, राहत अनुदान, संघिय शिक्षण सिकाइ अनुदान र गाउँपालिका अनुदानका तहगत र विषयगतरुपमा बैकल्पिक उम्मेदवार तथा करार सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमको आधारमा नियुक्ति दिइनेछ।साथै विद्यालय कर्मचारीहरुको पदपुर्ति गर्दा शिक्षक तथा कर्मचारी छनौट समितिले छनौटका आधारहरु निर्माण गरी लिखित परीक्षा वा अन्तवार्ता लिई छनौट गर्न सक्नेछ र बैकल्पिक उम्मेदवारको हकमा ६ महिनाभित्र गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा पद रिक्त हुन आएमा योग्यता क्रमको आधारमा नियुक्ति दिइनेछ।